नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(मापदण्ड तथा प्रत्यायन निर्देशनालय)

पत्र संख्या :- २०८३/०८४
चलानी नं. :- १८८

सानोठिमी, भक्तपुर ।

मिति २०८३/०६/२०

विषयः सेल्फ अप्राइजल फारम भर्ने सम्बन्धमा ।

श्री सबै विश्वविद्यालय, प्रतिष्ठान तथा कलेजहरू,

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८३/८४ मा स्नातकोत्तर तहमा चिकित्सा शिक्षाका विभिन्न विधाका कार्यक्रम संचालन गर्ने विश्वविद्यालय, विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त कलेजहरु, प्रतिष्ठानहरूले आयोगको वेबसाइटमा रहेको सेल्फ अप्राइजल (Self Appraisal) अनलाइन (Online) फाराम **मिति २०८३/०६/२१ गते देखि मिति २०८३/०७/२० गतेसम्म** भर्नुहुन सूचित गरिन्छ । साथै Self Appraisal फारम पेश गर्ने क्रममा शिक्षण संस्था अनुगमन शुल्क (वार्षिक) बापत देहाय बमोजिमको रकम हिमालयन बैंकमा रहेको आयोगको देहायको खातामामा जम्मा गर्नुहुन निर्देशानुसार अनुरोध छ।

देहायः

(क) **स्नातकोत्तर तह तर्फको अनुगमन शुल्क (वार्षिक)**
- मेडिकल (MD/MS) रु २,००,०००/- (दुई लाख मात्र),
- डेन्टल (MDS) रु २,००,०००/- (दुई लाख मात्र),
- नर्सिङ (M.Sc. Nursing) रु १,००,०००/- (एक लाख मात्र),
- नर्सिङ (M.N.) रु १,००,०००/- (एक लाख मात्र),
- मिडवाइफ्री (Master's of Midwifery Science) रु १,००,०००/- (एक लाख मात्र),

अन्य कार्यक्रमको हकमा प्रति कार्यक्रम रु ५०,०००/- (पचास हजार मात्र) ।

(ख) **आयोगको बैंक खाताको नामः- Medical Education Commission KA-2.7**
**खाता नं.:- १२००८९३१६७००१४**

(रुद्रप्रसाद रेग्मी)
उपसचिव

नोट

१. आयोगको वेबसाइट www.mec.gov.np मा रहेको **विद्युतीय सेवा** पोर्टलभित्र Self Appraisal लिंक रहेको छ । सोही लिंकमा क्लिक गरी आफ्नो संस्थाको साविकको User ID र Password प्रयोग गरी Log in गर्ने । तत्पश्चात त्यहाँ माग भए बमोजिम आफ्नो संस्थाको यथार्थ विवरण भर्नु पर्नेछ । सो क्रममा गत वर्ष भरेको विवरणलाई समेत अद्यावधिक गर्नु पर्नेछ ।

फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट: www.mec.gov.np

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(मापदण्ड तथा प्रत्यायन निर्देशनालय)
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

२. विगतमा कतिपय विश्वविद्यालय/प्रतिष्ठान/कलेजहरूले Self Appraisal को पूरा विवरण नभर्ने, सिट दाबीको पत्र लेखेर अपलोड गर्ने गरेको देखिएकोले त्यसको पुनरावृत्ति नगरी Self Appraisal फाराममा भएका सबै विवरण भर्नु अनिवार्य छ ।

३. अनुगमन शुल्क बुझाउँदा कार्यक्रमगत रूपमा हुनु पर्ने सबै शुल्क जोड जम्मा गरी एकमुष्ठ रूपमा एउटै भौचरबाट बुझाउनु पर्ने छ । भौचरको सक्कल प्रति स्क्यान गरी अपलोड गर्नु पर्नेछ ।

४. नयाँ विषय/कार्यक्रम सञ्चालन गर्नका लागि कलेजको हकमा सम्बन्धित विश्वविद्यालयको सहमति पत्र र प्रतिष्ठानको हकमा प्रतिष्ठानको बोर्डबाट भएको निर्णय अनिवार्य रूपमा Approved Letter भनेको स्थानमा अपलोड गर्नु पर्नेछ । सम्बन्धित विश्वविद्यालयको सहमति नरहेको विषयमा सिट निर्धारण हुने छैन ।

५. फ्याकल्टीको विवरण भर्दा विभागगत (Department Wise) पूर्ण विवरण भर्नु पर्नेछ । विश्वविद्यालयबाट पद प्रमाणीकरण भएको पत्र, काउन्सिल दर्ता नं. र नियुक्तिपत्र अनिवार्य रूपमा अपलोड गर्नुपर्ने छ । विदेशी फ्याकल्टीको हकमा अनिवार्य रूपमा सम्बन्धित विषयगत काउन्सिलको दर्ता नवीकरण भएको प्रमाणपत्र अपलोड गर्नुपर्ने छ । सेल्फ अप्राइजलमा फ्याकल्टीको विवरण नभर्ने तर छुट भएको भनी पत्र मार्फत पठाइएका फ्याकल्टीलाई सिट निर्धारण प्रयोजनमा गणना गरिने छैन ।

६. Self Appraisal भर्नु पूर्व MEMIS सफ्टवेयरमा भर्नु पर्ने सम्पूर्ण विवरण भरी अद्यावधिक गर्नु पर्नेछ।

७. Self Appraisal फारम नभरेका र तोकिए बमोजिमको शुल्क नबुझाएका शिक्षण संस्थाको अनुगमन गरिने छैन र सिट निर्धारण पनि हुने छैन ।

(रुद्र प्रसाद रेग्मी)
उपसचिव